# वातावरण संरक्षण ऐन, २०७६

प्रमाणीकरण मिति

२०७६।०६।२४

**संवत् २०७६ सालको ऐन नं. ९**

**वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन**

**प्रस्तावनाः** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकासबीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको लागि वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वातावरण संरक्षण ऐन, २०७६" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानि नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ३१ बमोजिमको वातावरण संरक्षण कोष सम्झनु पर्छ।

(घ) “जलवायु परिवर्तन” भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ।

(ङ) “जलवायु परिवर्तन व्यवस्थापन” भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाई समेत जनाउँछ।

(च) “जोखिमपूर्ण पदार्थ” भन्नाले जोखिमपूर्ण फोहरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी बासेल महासन्धिमा सूचिकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनु पर्छ।

(छ) “जैविक विविधता” भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइवरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाइवरसिटी) सम्झनु पर्छ।

(ज) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) “न्यूनीकरण” भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(ञ) “प्रदूषण” भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याउने कार्य सम्झनु पर्छ।

(ट) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(ठ) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृतिप्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ड) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(ढ) "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले एकपटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता वृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(ण) "परिषद्" भन्नाले दफा ३२ बमोजिमको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

पर्छ।

(त) "प्रदेश मन्त्रालय" भन्नाले वातावरण सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(थ) "फोहरमैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनु पर्छ।

(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ध) "राष्ट्रिय सम्पदा" भन्नाले नेपालभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति वा जीवजन्तु सम्झनु पर्छ।

(न) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ।

(प) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(फ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ब) “विभाग” भन्नाले मन्त्रालय अन्तर्गतको वातावरण विभाग सम्झनु पर्छ।

(भ) "सम्बन्धित निकाय" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारबाही र निर्णय गर्ने दफा ३ को उपदफा (२) बमोजिमको निकाय सम्झनु पर्छ।

(म) “संक्षिप्त वातावरणीय अध्ययन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ।

(य) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२
## वातावरणीय अध्ययन

३. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेः** (१) प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी देहायको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानून बमोजिम सङ्घको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना, एकभन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नु पर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण भए तोकिएको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालय समक्ष,

(ख) प्रदेश सरकारको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा सम्बन्धित प्रदेश कानूनले तोकेको निकाय समक्ष,

(ग) स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय समक्ष।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृतिको लागि पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी व्यवस्था अनुसार स्वीकृत गर्न बाधा पुग्ने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राचीन स्मारक सम्बन्धी कानून बमोजिम प्राचीन स्मारक मानिने सम्पदाको सोही रुपमा पुनर्निर्माण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन।

(५) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. <u>**विकल्पको विस्तृत विश्लेषण गर्नु पर्नेः**</u> (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नु पर्नेछ।

५. **क्षेत्र निर्धारण तथा कार्य सूची**: (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **मापदण्ड एवं गुणस्तर कायम गर्नु पर्ने**: (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड वा गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन।

७. **वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने**: (१) दफा ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

जाँचबुझ गरी राय सुझाव दिनको लागि सम्बन्धित निकायले सो निकायको प्रतिनिधि, प्रस्तावसँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा आवश्यकता अनुसार विषय विज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा सम्बन्धित निकायले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण वा प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन आदेश दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा सम्बन्धित निकायले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नु पर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **प्रस्ताव कार्यान्वयन गर्न नहुने**: कसैले पनि यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन।

९. **रणनीतिक वातावरणीय विश्लेषण**: (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुअघि त्यस्तो नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **वातावरणीय व्यवस्थापन योजना**: (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरुमध्ये कुन-कुन उपायहरु आयोजना निर्माणको क्रममा र कुन-कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो समेत उल्लेख गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी भएको नदेखिएमा सम्बन्धित निकायले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी सम्बन्धित निकायले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावकले व्यहोर्नु पर्नेछ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि स्पष्ट कार्ययोजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ महिनामा सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय अवलम्बन गर्दा प्रस्ताव कार्यान्वयन हुँदा प्रभावित हुने स्थानीय समुदाय मार्फत् कार्यक्रम सञ्चालन गर्ने कुरालाई प्राथमिकता दिनु पर्नेछ।

११. <u>पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेः</u> (१) दफा ७ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वनक्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको

कानून तथा संसदीय मामिला मन्त्रालय

लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नु परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याइँ सहित सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ।

तर सम्बन्धित निकायले प्रस्तावकलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा सम्बन्धित निकायले तोकिए बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अनुमति दिन सक्नेछ।

(४) पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **<u>सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्ने</u>:** (१) मन्त्रालय वा तोकिएको निकायले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी मन्त्रालय वा तोकिएको निकायले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालय वा तोकिएको निकायले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१३. **<u>रोक लगाउन सक्ने</u>**: (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा सम्बन्धित निकायले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा (१) बमोजिम लगाएको रोक सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ।

१४. **<u>नेपाल सरकार वा प्रदेश सरकारले वातावरणीय अध्ययन गर्न सक्ने</u>**: (१) नेपाल सरकार वा प्रदेश सरकार आफैंले कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरणको आधारमा सम्बन्धित निकायले त्यस्तो क्षेत्रमा भविष्यमा सञ्चालन गर्न सकिने विकास निर्माणका कार्य वा आयोजना तथा त्यस्तो क्षेत्रमा सञ्चालन गर्न उपयुक्त नहुने कार्य सम्बन्धी विवरण तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरण तथा उपदफा (२) बमोजिमको विवरणको सम्बन्धित निकायले अभिलेख राख्नु पर्नेछ।

(४) यस दफा बमोजिमको विवरण सम्बन्धित निकायले सार्वजनिक गर्नु पर्नेछ र कुनै पनि प्रस्ताव पेश वा कार्यान्वयन गर्दा सम्बन्धित प्रस्तावक, निकाय तथा सरोकारवाला पक्षले सो अनुरुप कार्य गर्नु पर्नेछ।

## परिच्छेद-३
## <u>प्रदूषण नियन्त्रण</u>

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१५. **प्रदूषण नियन्त्रणः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) कसैले पनि जनजीवन, जनस्वास्थ्य एवं वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण गर्न वा उपदफा (१) बमोजिम नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीतको कुनै काम गर्न वा गराउन हुँदैन।

(३) हिमाल आरोहण, पदयात्रा, दृश्यावलोकन वा अन्य कुनै प्रयोजनको लागि हिमालय वा उच्च पहाडी क्षेत्रमा जाने कुनै पनि व्यक्ति वा समूहले नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीत हुने गरी प्रदूषण गरी वातावरणमा प्रतिकूल प्रभाव पार्ने कार्य गर्न वा गराउन हुँदैन।

(४) उपदफा (२) वा (३) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको देखिएमा विभागले सम्बद्ध व्यक्ति, समूह वा संस्थालाई प्रदूषण न्यूनीकरण वा निराकरणको उपाय अवलम्बन गर्न निर्देशन दिन, आवश्यक शर्त तोक्न वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(५) कुनै पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेमा वा पर्न सक्ने देखिएमा विभागले आवश्यक कारबाहीको लागि मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम विभागबाट लेखी आएमा मन्त्रालयले सरोकारवाला निकाय वा अन्य सरोकारवालासँग आवश्यक परामर्श गरी त्यस्तो पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगमा वा त्यस्ता सामग्रीको उत्पादन, आयात, बिक्री वितरण वा भण्डारणमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिम निर्धारण भएको मापदण्डको पालनाको सम्बन्धमा विभागले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(८) प्रदूषण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **<u>जोखिमपूर्ण पदार्थको निकासी तथा पैठारी</u>ः** (१) कुनै पनि किसिमका जोखिमपूर्ण पदार्थ नेपालभित्र आयात गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मानव स्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव नपार्ने कुनै खास किसिमको जोखिमपूर्ण पदार्थ आयात गर्न सकिनेछ।

(३) जोखिमपूर्ण पदार्थ उत्पादनकर्ता वा कुनै व्यक्ति वा प्रचलित कानून बमोजिम स्थापित संस्थाले मन्त्रालयको अनुमति लिई जोखिमपूर्ण पदार्थको निर्यात गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम जोखिमपूर्ण पदार्थको निर्यात गर्न अनुमति दिने सम्बन्धी आधार, मापदण्ड तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस ऐन विपरीत आयात भएको जोखिमपूर्ण पदार्थ जुन मुलुकबाट आयात गरिएको हो सोही मुलुकमा फिर्ता पठाउनु पर्नेछ।

१७. **<u>जोखिमपूर्ण पदार्थको व्यवस्थापन</u>ः** (१) जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्ने जिम्मेवारी त्यस्तो जोखिमपूर्ण पदार्थ उत्पादन गर्ने व्यक्ति वा संस्थाको हुनेछ।

(२) जोखिमपूर्ण पदार्थको सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन वा ओसारपसार गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले आफ्नै खर्चमा गर्नु पर्नेछ।

१८. **<u>प्रयोगशाला स्थापना गर्न सक्ने</u>ः** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण गर्न नेपाल सरकार वा प्रदेश सरकारले आवश्यकता अनुसार प्रयोगशाला स्थापना गर्न वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

परीक्षण गर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **नमूना सङ्कलन गर्न दिनु पर्नेः** (१) सम्बन्धित निकायले कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन हुने वा हुन सक्ने प्रदूषण वा फोहरमैलाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्न चाहेमा सम्बन्धित धनी वा सम्बद्ध व्यक्तिले त्यस्तो उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन भएको प्रदूषण वा फोहरमैलाको नमूना सङ्कलन गर्न दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नमूना सङ्कलन, सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **प्रदूषण नियन्त्रण प्रमाणपत्र दिन सक्नेः** (१) मन्त्रालय वा प्रदेश मन्त्रालयले प्रदूषण नियन्त्रणमा उल्लेखनीय योगदान गर्ने उद्योगलाई तोकिए बमोजिम प्रदूषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ।

(२) प्रदूषण नियन्त्रण प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **वातावरण निरीक्षकः** (१) दफा ७ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा देहायको निकायले देहायका अधिकृत वा कर्मचारीलाई वातावरण निरीक्षकको रुपमा तोकी अनुगमन तथा निरीक्षणको लागि खटाउन सक्नेछः-

(क) दफा ७ बमोजिम स्वीकृत दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको

सम्बन्धमा र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा मन्त्रालयले नेपाल सरकार वा प्रदेश सरकारको अधिकृत कर्मचारीलाई,

(ख) दफा ७ बमोजिम स्वीकृत दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन वा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र आफ्नो प्रदेशभित्र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा प्रदेश मन्त्रालयले प्रदेश सरकारको अधिकृत कर्मचारीलाई,

(ग) दफा ७ बमोजिम स्वीकृत दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र आफ्नो स्थानीय तहभित्र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा स्थानीय तहले स्थानीय तहको कुनै कर्मचारीलाई।

(३) वातावरण निरीक्षक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **<u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः</u>** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत जोखिमपूर्ण पदार्थ निष्कासन गरे, नगरेको वा प्रदूषण गरे, नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका शर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) दफा १३ वा १५ बमोजिम रोक लगाइएको विषयको पालना भए नभएको निरीक्षण गर्ने।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्वसूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेसिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ।

(३) यस दफा बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ।

(४) यस दफा बमोजिम वातावरण निरीक्षक निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, निजले मागेको विवरण वा जानकारी नदिएमा, झुट्टा विवरण दिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले तत्काल देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा बीस हजार रुपैयाँसम्म,

(ख) निरीक्षणको क्रममा मागेका विवरण वा जानकारी नदिएमा वा झुट्टा विवरण दिएमा वा निरीक्षणमा सहयोग नगरेमा पन्ध्र हजार रुपैयाँसम्म।

(५) उपदफा (४) बमोजिम वातावरण निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले उक्त सजायको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र विभागको महानिर्देशक समक्ष उजुरी गर्न सक्नेछ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(६) यस दफा बमोजिम भएको जाँचबुझ तथा निरीक्षणको प्रतिवेदन वातावरण निरीक्षकले सम्बन्धित निकाय तथा विभाग समक्ष पेश गर्नु पर्नेछ।

(७) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## जलवायु परिवर्तन सम्बन्धी व्यवस्था

२३. **जानकारी उपलब्ध गराउनु पर्नेः** (१) मन्त्रालयले जलवायु परिवर्तनबाट स्थानीय समुदाय, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतामा परेको प्रतिकूल असर तथा जोखिमको विषयमा तोकिए बमोजिम आवधिक रुपमा अध्ययन गरी विवरण सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको अध्ययनको आधारमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट कार्यान्वयन गरिने विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि अवलम्बन गर्नु पर्ने उपाय सम्बन्धी आवश्यक जानकारी मन्त्रालयले समय-समयमा सार्वजनिक गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सार्वजनिक गरिएको जानकारीको आधारमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले विकास आयोजना तर्जुमाको प्राथमिकता निर्धारण गर्न सक्नेछन्।

२४. **अनुकूलन योजना बनाउन सक्नेः** (१) जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि राष्ट्रियस्तरमा मन्त्रालयले, प्रदेश स्तरमा प्रदेश मन्त्रालयले र स्थानीय स्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदाय र जलवायु परिवर्तनबाट बढी जोखिममा परेका भौगोलिक क्षेत्रका बासिन्दालाई विशेष प्राथमिकता दिनु पर्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) स्थानीय समुदायले स्थानीयस्तरमा अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछन् र त्यस्तो योजना कार्यान्वयन गर्दा सम्बन्धित निकायले आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

२५. **<u>न्यूनीकरणका कार्यहरु गर्न सक्ने</u>ः** (१) नेपाल सरकारले हरितगृह ग्याँस उत्सर्जन गर्ने क्षेत्र पहिचान गरी तिनको राष्ट्रिय आधार तह (रेफरेन्स लेभल) निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको राष्ट्रिय आधार तहको सम्बन्धमा मन्त्रालयले आवधिक रुपमा अनुगमन गरी अद्यावधिक जानकारी सार्वजनिक गर्नेछ।

(३) न्यूनीकरणको लागि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(४) मन्त्रालयले हरितगृह ग्याँस उत्सर्जनको मापन गर्न वा गराउन सक्नेछ।

(५) न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **<u>जलवायु परिवर्तनबाट हुने असर तथा जोखिमको व्यवस्थापन</u>ः** (१) नेपाल सरकारले जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य सार्वजनिक निकाय एवं निजी क्षेत्रबाट कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा कार्ययोजनामा जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने उपायका सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश जारी गर्दा नेपाल सरकारले प्राथमिकताका क्षेत्र तोक्न सक्नेछ।

२७. **<u>प्राविधिक मापदण्ड निर्धारण गर्न सक्ने</u>ः** (१) जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरण सम्बन्धमा सहरी तथा ग्रामीण क्षेत्रमा कार्यान्वयन गर्नु पर्ने विषयहरुको प्राथमिकता निर्धारण गर्नको लागि नेपाल सरकारले आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरणका लागि तोकिएका विषयगत क्षेत्रमा आवश्यक पर्ने प्रविधिको विकास गर्न नेपाल सरकारले आवश्यक नीतिगत एवं प्राविधिक मापदण्ड निर्धारण गर्न सक्नेछ।

२८. **कार्बन व्यापारमा भाग लिन सक्नेः** (१) नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणका लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्बन व्यापारमा भाग लिने र सोबाट प्राप्त लाभको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## राष्ट्रिय सम्पदाको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

२९. **राष्ट्रिय सम्पदाको संरक्षणः** (१) राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) राष्ट्रिय सम्पदाको संरक्षण गर्ने प्रयोजनको लागि सरोकारवाला निकायले अभिलेख तयार गरी राख्नु पर्नेछ र सो अभिलेखमा नेपालभित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरु समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अभिलेखमा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु, वातावरणीय अवस्था आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ।

३०. **वातावरण संरक्षण क्षेत्र सम्बन्धी विशेष व्यवस्थाः** (१) नेपाल सरकारले प्रदेश सरकार र सम्बन्धित स्थानीय तहसँग परामर्श गरी वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वका स्थललाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन, सहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सरोकारवाला निकायसँगको समन्वयमा नेपाल



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सरकारले कुनै क्षेत्र विशेषको वातावरण संरक्षण गर्ने उद्देश्यले त्यस्तो क्षेत्रलाई खुला वा हरियाली क्षेत्र तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्र वा उपदफा (२) बमोजिम तोकिएको खुला वा हरियाली क्षेत्रभित्र तोकिए बमोजिमको कुनै काम गर्न नपाउने गरी रोक लगाउन सकिनेछ।

(४) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भू-स्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा प्रतिकूल असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा नेपाल सरकारले सम्बन्धित स्थानीय तहको परामर्शमा त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुनर्स्थापनाको लागि कुनै उपयुक्त आदेश जारी गर्न सक्नेछ।

(५) नेपाल सरकारले कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण भएको स्थानलाई प्रदूषणयुक्त क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ।

(६) उपदफा (४) वा (५) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भएमा त्यस्तो क्षेत्रलाई संवेदनशील क्षेत्र वा प्रदूषणजन्य क्षेत्रबाट हटाउन सकिनेछ।

(७) वातावरण संरक्षणको लागि यस दफा बमोजिम कायम गरिएको वा तोकिएको क्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायलाई सहभागी गराउन सकिनेछ।

**स्पष्टीकरण**: यस दफा र दफा ३६ को प्रयोजनको लागि "स्थानीय समुदाय" भन्नाले त्यस्तो क्षेत्रभित्र वा सोको वरिपरि बसोबास गर्ने समुदाय सम्झनु पर्छ।

(८) उपदफा (७) बमोजिम व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागी गराउनु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

३१. **कोषको स्थापना र सञ्चालनः** (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, राष्ट्रिय सम्पदाको संरक्षणका लागि वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३२. **परिषद् गठन गर्न सक्नेः** (१) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई राष्ट्रिय स्तरमा प्रभावकारी रुपमा सञ्चालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायका अध्यक्ष तथा सदस्य रहनेछन्:-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) नेपाल सरकारको वन तथा वातावरण मन्त्री - सदस्य

(ग) प्रधानमन्त्रीले तोकेका नेपाल सरकारका तीनजना मन्त्री - सदस्य

(घ) सबै प्रदेशका मुख्यमन्त्री - सदस्य

(ङ) राष्ट्रिय योजना आयोगको वातावरण हेर्ने सदस्य - सदस्य

(च) वन तथा वातावरण विज्ञानका प्राध्यापकहरुमध्ये अध्यक्षबाट मनोनीत एकजना महिला सहित

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

दुईजना - सदस्य

(छ) वातावरण तथा जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुमध्ये दुईजना महिला सहित अध्यक्षबाट मनोनीत तीनजना - सदस्य

(ज) सचिव, मन्त्रालय - सदस्य-सचिव

(३) अध्यक्षले सदस्यहरुमध्येबाट एकजना मन्त्रीलाई उपाध्यक्ष तोक्न सक्नेछ।

(४) उपदफा (२) को खण्ड (च) र (छ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

३३. <u>परिषद्को बैठकः</u> (१) परिषद्को बैठक वर्षमा कम्तीमा एकपटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को सदस्य-सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अठ्चालीस घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को अध्यक्षले बहत्तर घण्टा अगाडि परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य-सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

(३) कुल सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले गर्नेछ।

(५) परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३४. **<u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र राष्ट्रिय सम्पदा संरक्षणको लागि राष्ट्रिय प्रणालीको विकासको लागि नीति तय गर्ने,

(ग) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यमा प्रदेश तथा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(घ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी आर्थिक स्रोतको व्यवस्थापन गर्ने र सोको लागि सहजीकरण गर्ने,

(ङ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन एवं सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

मन्त्रालयलाई मार्गदर्शन गर्ने,

(च) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने।

## परिच्छेद-६

## जरिबाना तथा क्षतिपूर्ति

३५. **जरिबाना**: (१) कसैले देहायको कार्य गरे वा गराएमा सम्बन्धित निकायले देहाय बमोजिम जरिबाना गर्नेछः-

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँसम्म,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँसम्म।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ। यसरी दिएको आदेश बमोजिम कार्य नभएमा सम्बन्धित निकायले उपदफा (१) बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना गर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित विषय बाहेक कसैले यो ऐन वा यस

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिबाना गरी दुई महिनाभित्र यो ऐन र यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ। यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना लाग्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न सम्बन्धित निकायले सिफारिस सहित विभागमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भई आएमा विभागले आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा त्यस्तो व्यक्ति वा संस्थालाई एक वर्षदेखि पाँच वर्षसम्म कालोसूचीमा राख्नु पर्नेछ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले दिएको आदेश कार्यान्वयन नभएको विषयमा विभागले आवश्यक जाँचबुझ गरी उपदफा (५) बमोजिमको कारबाही गर्नेछ।

(७) उपदफा (५) बमोजिम कुनै निकायलाई कालोसूचीमा राखिएकोमा त्यस्तो व्यक्ति वा संस्थाले कालो सूचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्थासँग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन।

(८) यस दफा बमोजिमको जरिबाना गर्नुअघि जरिबाना गर्न लागिएको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

३६. **<u>निवेदन दिन सक्नेः</u>** (१) कसैले यस ऐन विपरीत प्रारम्भिक वातावरणीय परीक्षण, संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण पदार्थ निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति, संस्था वा स्थानीय समुदायलाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति, संस्था वा स्थानीय समुदायले आफूलाई पुग्न गएको क्षति बापत सम्बन्धित निकाय समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम परेको निवेदनका सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानि नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडित व्यक्ति, संस्था वा स्थानीय समुदायलाई मनासिब क्षतिपूर्ति भराइदिनु पर्नेछ।

(४) नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न नेपाल सरकारले मनोनयन गरेका तीनजना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(५) प्रदेश सरकार वा स्थानीय तहको कुनै निकाय वा प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न प्रदेश सरकारले मनोनयन गरेका तीनजना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **<u>पुनरावेदनः</u>** (१) दफा ३५ बमोजिम भएको जरिबाना उपर चित्त नबुझ्ने पक्षले स्थानीय तहबाट भएको जरिबाना उपर सम्बन्धित जिल्ला अदालतमा र नेपाल सरकार वा प्रदेश सरकारका अन्य निकाय वा अधिकारीबाट भएको जरिबाना उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

(२) दफा ३६ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय

उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-७
## विविध

३८. **वातावरण संरक्षण योजना तर्जुमा गर्नेः** (१) स्वच्छ र स्वस्थ वातावरण कायम गरी सोको संवर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारले वातावरण संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजनाको अधीनमा रही प्रदेश सरकार तथा स्थानीय तहले वातावरण संरक्षणका लागि आवश्यक योजना बनाई कार्यान्वयन गर्न सक्नेछन्।

(३) उपदफा (१) र (२) बमोजिमको योजना तर्जुमा गर्दा वातावरण संरक्षण, संवर्द्धन, दीगो उपयोग र वातावरणीय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यासलाई योजनामा समावेश गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको योजनामा तोकिए बमोजिमका अन्य विषयहरु समावेश गरिनेछ।

३९. **अनुगमन तथा निरीक्षण गर्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालय वा विभागले अनुगमन तथा निरीक्षण गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो क्षेत्रभित्रको वातावरण संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकार वा स्थानीय तहले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

(३) उपदफा (१) वा (२) बमोजिम गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**४०. वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेः** (१) मन्त्रालयले प्रत्येक वर्ष देहायका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछः-

(क) दफा ३९ बमोजिम गरिएको अनुगमन तथा निरीक्षणबाट प्राप्त विवरण,

(ख) जलवायु परिवर्तन सम्बन्धमा भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रियाकलाप सम्बन्धी विवरण,

(ग) अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

**४१. आदेश जारी गर्न सक्नेः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई महानिर्देशकले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

**४२. अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विभाग, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी वा कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

**४३. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**४४. नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

**४५. निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी नेपाल सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**४६. ऐन कार्यान्वयन मापनः** यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि मन्त्रालयले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४७. <u>खारेजी र बचाउ</u>ः (१) वातावरण संरक्षण ऐन, २०५३ खारेज गरिएको छ।

(२) वातावरण संरक्षण ऐन, २०५३ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) वातावरण संरक्षण ऐन, २०५३ बमोजिम कुनै निकाय वा पदाधिकारी समक्ष कुनै निवेदन वा उजुरी परी विचाराधीन रहेको भए त्यस्ता उजुरी वा निवेदन सोही ऐन बमोजिम टुङ्गो लगाउनु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय